नेपाल सरकार, परराष्ट्र मन्त्रालय
राहदानी विभाग

# राहदानी

बर्ष:१ अंक:१ | राहदानी विभागको न्युजलेटर | २०७० श्रावण-कार्तिक

विषय सूची

माननीय परराष्ट्र मन्त्रीको सन्देश-२
परराष्ट्र सचिवको सन्देश-२

नेपाली राहदानी एम आर पी बाट ई-राहदानीको यात्रामा-३

प्राय सोधिने प्रश्न र उत्तर (FAQ & Answer) - ४

## "राहदानी" प्रकाशन किन?




विदेश यात्रा गर्न अत्यावश्यक पर्ने कागजात नै राहदानी हो। रोजगारी, अध्ययन, स्वास्थोपचार, व्यपार र पर्यटन प्रयोजनको लागि विदेश भ्रमणमा जाने नेपालीहरुको संख्या दिनानुदिन बढिरहेको छ। भूमण्डलिकरण र वि. सं २०४६ पछि विदेश जान नेपालीहरुलाई राहदानी प्रदान गर्न राज्यले सरलिकरण गरेपछि विदेश जाने नेपालीको संख्या अत्याधिक बढदै गएको छ। विदेश भ्रमणमा जाने नेपालीहरुको यात्रालाई सुनिश्चित कागजात प्रदान गरी उनीहरुलाई आफुले बोकेको कागजातले दिनु पर्ने शिष्टाचार र सुविधा प्रति आश्वस्त हुने गरी राहदानी जारी गर्नु सरकारको दायित्व हुन आउँछ। आफुले जारी गरेको कागजातको विश्वसनीयता विश्वका कुनै पनि मुलुकलाई गराउनु र आफ्ना नागरिक त्यस्ता कागजातको आधारमा सुविस्तासाथ आफ्नो विदेश यात्रा र गन्तव्यमा जाने र फर्किन सक्ने गरी भरोसायोग्य, प्रमाणिकरण गर्न सकिने र विश्वस्नीय कागजात जारी गर्नु पर्ने सन्दर्भमा राहदानी विभागले "राहदानी" नामक यो न्युजलेटर चौमासिक रुपमा प्रकाशन गर्ने, सेवाग्राहीलाई राहदानी लगायतका कागजात बारे यथेष्ठ जानकारी उपलब्ध गराउने र विभागका क्रियाकलाप वारे सवैलाई अवगत गराउने उद्देश्यका साथ "राहदानी" नामक न्युजलेटर प्रकाशन गरिएको हो।

## माननीय परराष्ट्र मन्त्री श्री माधव प्रसाद घिमिरेज्यूको सन्देश



परराष्ट्र मन्त्रालयको सार्वजनिक छवीको रुपमा रहेको राहदानी विभागले विश्वका विभिन्न गन्तव्यमा रोजगारी, अध्ययन, व्यवसाय आदि उद्वेश्यले भ्रमणमा जाने नेपालीहरुको संख्या बढेको सन्दर्भमा उनीहरुको सुरक्षित यात्राको निमित्त विश्वासिलो दस्तावेज जारी गर्ने कार्य गरिरहेको छ। सेवाग्राहीको बढ्दो मागलाई ध्यानमा राख्दै सर्वसुलभ तरिकाबाट अत्याधुनिक यन्त्रले पढ्न सकिने राहदानी (एमआरपि) जारी गर्दै आएको राहदानी विभागको सेवामा स्तरोन्नत्ति गर्ने कार्यमा मेरो ध्यान केन्द्रित छ। यसै सिलसिलामा नेपालका सवै ७५ जिल्ला प्रशासन कार्यालय र विदेश स्थित कुटनैतिक नियोगहरुबाट अनलाइन फाराम भर्ने र शिघ्र एमआरपि प्राप्त गर्न सक्ने आवश्यक व्यवस्था मिलाउन यस वर्षको बजेटमा उल्लेख भएको छ भने राहदानी जस्तो संवेदनशील कागजात प्रोसेसिङ र उत्पादन गर्न वातावरणीय रुपमा पनि सुविधा सम्पन्न एवं सर्वसाधारणलाई एकै छानोबाट सवै सेवा उपलब्ध गराउन सक्ने सुविधायुक्त राहदानी विभागको आफ्नै भवनको निर्माण कार्यको पनि यसै वर्ष शुरुवात गरिने भएको छ। यसबाट सेवाग्राहीले सरल तवरमा सेवा प्राप्त गर्न सक्ने मैले विश्वास लिएको छु।

राहदानी विभागले "राहदानी" नामक न्युजलेटर जनमानसलाई आवश्यक सूचना र जानकारी प्रवाह गर्ने उद्वेश्यका साथ वेबसाइट र छपाई मार्फत प्रकाशन गर्न लागेकोमा खुशी व्यक्त गर्दै यस प्रकाशनको सफलताको कामना पनि गर्न चाहन्छु।

## परराष्ट्र सचिव श्री अर्जुन बहादुर थापाज्यूको सन्देश



राहदानी एक महत्वपूर्ण कागजात हो। विश्वका विभिन्न मुलुकमा विभिन्न कारणले भ्रमणमा जानको निमित्त राहदानी एक अत्यावश्यक कागजातको रुपमा विकसित हुदैं आएको छ। संसार एक विश्वग्राममा परिणत हुने क्रम संगै नेपाली नागरिकहरु अध्ययन, रोजगारी, व्यवसाय आदिको निमित्त विभिन्न मुलुकको भ्रमणमा जाने क्रम बढ्दो छ र यो क्रम जारी नै रहने देखिन्छ। नागरिकलाई आवश्यक पर्ने कागजात उपलब्ध गराउनु राज्यको दायित्व भित्र पर्ने भएकोले उनीहरुलाई विश्वासिलो कागजात उपलब्ध गराएर उनीहरुको यात्रा सुनिश्चित गर्नु सरकारको प्रमुख कामहरु मध्ये एक भएकोले राहदानी विभागले नेपाली नागरिकहरुलाई आवश्यकता अनुशार राहदानी लगायतका कागजात (Document) उपलब्ध गराउँदै आएको छ। यसै क्रममा सन् २०१० को डिसेम्बर २६ देखि यन्त्रबाट पढ्न सकिने राहदानी (MRP) जारी गर्न थालिएको हो। अत्याधुनिक तवरको यो राहदानीले बाहकलाई भ्रमणमा सुविधा पुग्ने र अध्यागमन विन्दुमा छोटो समय लाग्ने भै सहज यात्रा तय गर्न सजिलो पर्न जाने हुन्छ।

राहदानीका विषयमा विविध सूचना र जानकारीको संगालोको रुपमा राहदानी विभागले "राहदानी" नामक न्युजलेटर प्रकाशन गर्न लागेकोमा म विभागको यस प्रकारको कामको प्रशंसा गर्दै यस न्युजलेटरबाट सम्वन्धित सवैले राहदानीका विभिन्न पक्ष बारे यथेष्ठ जानकारी प्राप्त गर्न सकुन भन्ने कामना व्यक्त गर्न चाहन्छु।

"राहदानी" को सफलताको शुभकामाना !

## राहदानी विभाग: एक परिचय




परराष्ट्र मन्त्रालयको राहदानी शाखा, केन्द्रीय राहदानी कार्यालय हुँदै सन् २०१२ मा नेपाल सरकारले एम आर पी तथा ई-पासपोर्ट जारी गर्ने कार्यको मुल जिम्मेवारी दिँदै परराष्ट्र मन्त्रालय अन्तर्गत राहदानी विभाग स्थापना गरिएको हो। राहदानी विभागमा एक महानिर्देशक, दुई निर्देशक (दरवन्दी तीन) र अन्य अधिकृत र कर्मचारीहरु गरी जम्मा ४२ स्थायी कर्मचारी छन्। त्यसै गरी कम्प्युटर अपरेटर, कार्यालय सहयोगी, सुरक्षा सहयोगी गरी सेवा करार अन्तर्गत ४६ जना कार्यरत छन्। विभागको राहदानी आवेदन संकलन र प्रोसेसिन्ङ काउन्टरहरु, जिल्लागत शाखाहरु, कुटनैतिक र अफिसियल राहदानी शाखा, नियोग शाखा, प्रशासन र लेखा जस्ता युनिटहरु छन् भने राहदानी उत्पादन गर्ने पर्सनलाइजेसन सेन्टर ओवरथरसंग संयुक्त रुपमा रहेको छ। विभाग हाल नारायणहिटी संग्राहलय अन्तर्गतको पूर्व राजदरवार सचिवालय भवन नारायणहिटीमा अवस्थित छ भने यस वर्षको बजेटमा विभागको अत्याधुनिक भवन निर्माण गर्ने प्रारम्भिक कार्य शुरु गरिने प्रतिबद्धता जनाइएको छ।

## नेपाली राहदानी: हस्तलिखितबाट एम आर पि हुदै ई-राहदानीको यात्रामा




अन्तरार्ष्ट्रिय नागरिक उड्डयन संगठन (ICAO) संयुक्त राष्ट्र संघ अन्तर्गतको एक विशिष्टिकृत संस्था हो। ICAO लाई सदस्य राष्ट्रका नागरिकहरुको भ्रमण गर्न प्रयोग गरिने कागजातको सुरक्षा सुनिश्चित हराउने जिम्मेवारी प्रदान भए बमोजिम यात्रा सुरक्षित पार्ने उद्देश्यकासाथ यन्त्रद्धारा पढ्न सकिने एम आर पी र ई-राहदानी जारी गर्नु पर्ने अनिवार्य प्रावधान लागू गरे बमोजिम हस्तलिखित राहदानीबाट नेपाल सन् २०१० डिसेम्वरबाट एम आर पीको यात्रामा हिडेको छ भने शीघ्र नै ई-राहदानी तर्फ पाइला चाल्दै विश्वका अन्य मुलुक सरह आफ्नो स्तर विकास गर्नु पर्ने चुनौती र अवसर नेपाल सामू रहेको छ।

राहदानी

बर्ष:१ अंक:१ राहदानी विभागको न्युजलेटर २०७० श्रावण-कार्तिक

## राहदानीका विषयमा प्राय सोधिने प्रश्न र तिनको जवाफ (FAQ & A)

**1. एम आर पि भनेको के हो?**

- एम आर पि भन्नाले Machine Readable Passport (MRP) भन्ने बुझिन्छ । यो मेशिनले पढ्न सक्ने आधुनिक राहदानी हो ।

**2. हस्तलिखित राहदनीको म्याद अझै बाकि छ । के मैले बाँकि म्याद रहदै एमआरपि बनाउनु पर्छ? वा बनाउन पाँउछु ?**

- हस्तालिखित राहदानीको म्याद बाँकि रहदै पनि एम आर पि बनाउन सकिन्छ । नेपाल सरकारले नोभेम्बर २०१५ बाट पुर्णरुपमा एम आर पि प्रयोगमा ल्याउने प्रतिवद्धता जनाएको छ।

**3. किन बनाउनु पर्यो एमआरपि, म हस्तलिखित राहदानीमा नै बिदेश भ्रमण गर्न सक्दिन र?**

-म्याद भएको हस्तलिखित राहदानीमा बिदेश भ्रमण गर्न सकिन्छ, तर अन्तराष्ट्रिय अभ्यास र नेपाल सरकारले गरेको प्रतिबद्धताका कारण सन् २०१५ सम्म एम आर पिले हस्तलिखित राहदानीलाई बिस्थापन गर्नु पर्ने देखिन्छ ।

**4. कुन मिति भित्र मैले एमआरपि बनाइसक्नु पर्छ?**

- तपाईलाई आवश्यक परेको वेला । पुरानो हस्तलिखित राहदानी भए नोभेम्बर २०१५ अगाबै बनाइसक्नु पर्छ ।

**5. बिदेशबाट पनि एम आर पि बनाउन सकिन्छ?**

- बिदेश स्थित नेपाली दुतावास अथवा नियोगहरुबाट पनि तोकिएको समयमै एम आर पिको लागि आवेदन गर्न सकिन्छ। नियोगहरुले प्राप्त आवेदन राहदानी विभागमा पठाउँछन् र त्यही आधारमा विभागले एम आर पि बनाई वितरणको निमित्त सम्वन्धित नियोगमा पठाउने गर्छ।

**6. एम आर पि प्राप्त गर्न मैले के गर्नुपर्छ?**

- एम आर पि प्राप्त गर्न जिल्ला प्रशासन कार्यालयमा आवश्यक कागाजात नागरिकताको सक्कल नक्कल, फोटो, पुरानो राहदानी भएमा सो को सक्कल नक्कल सहित तोकिएको आवेदन फाराम भरी त्यहिँ बुझाएर तोकिएको समयमा एम आर पि प्राप्त गर्न सकिन्छ । यो नियमित प्रकारको सेवा हो।

<u>अनुरोध</u>

यो न्युजलेटरको विषयमा तपाईको सुझाव, राय तथा सल्लाह हाम्रा निम्ति अमूल्य हुने भएकोले ई-मेल वा हुलाक मार्फत हामीलाई पत्राचार गर्न अनुरोध गर्दछौं।

**सर्वाधिकार राहदानी विभागमा सुरक्षित ।**

राहदानी विभाग, नारायणहिटी, काठमाण्डौ, फोन: ०१-४४१६०११, फ्याक्स: ०१-४४११०२८
ई-मेल: communication@dopmofa.gov.np वेभसाइट: http://www.dopmofa.gov.np